## लेकम गाउँपालिकाको आर्थिक ऐन, २०८०

**प्रस्तावना:** लेकम गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा -२ बमोजिम लेकम गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " लेकम गाउँपालिका आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि लेकम गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा वार्षिक भाडाको १० प्रतिशत घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

९. **मनोरन्जन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क**ः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्क**ः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग,बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क**ः  गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुर**ः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि -१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटनशुल्क**ःगाउँपालिकालेआफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुट**ःयस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**ः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूचि – १

(नियम २ सँग सम्बन्धित)

आर्थिक वर्ष २०८०/८१ मा तपशिल बमोजिमको घरजग्गा कर लगाईने छ।

लेकम गाउँपालिका क्षेत्रभित्र रु ५० देखि रु १०० सम्म घरजग्गा कर लगाईनेछ।

क) ढलान गरि निर्माण भएको पक्की घर र स्लेट तथा अन्य जस्ता टिन भएको १५ फिट भन्दा बढी उचाईको घर रु. ७०

ख) स्लेटको छाना भएको प्लाष्टर गरेको घर १५ फिट सम्मको उचाइ भएको घर रु.५०

ग) साधारण घर, स्लेट छानो भएको समान्य लिपपोत भएको घर रु ३०

**अनुसुची -२**

**लेकम गाँउपालिकाले लगाउने बार्षिक भुमिकर**

(नियम २ सँग सम्बन्धित)

**खेततर्फ**

| सि.नं. | जग्गाको प्रकार | १० रोपनी सम्म प्रति रोपनी (रकम रू) | १० रोपनी भन्दा माथी प्रति रोपनी (रकम रू) |
|---|---|---|---|
| १ | अब्बल | २० | ३० |
| २ | दोयम | १० | २० |
| ३ | सिम | ५ | १० |
| ४ | चाहार | ५ | १० |

पाखो तर्फ

| सि.नं. | जग्गाको प्रकार | १० रोपनी सम्म प्रति रोपनी (रकम रू) | १० रोपनी भन्दा माथी प्रति रोपनी (रकम रू) |
|---|---|---|---|
| १ | अब्बल | २० | २५ |
| २ | दोयम | ५ | १० |
| ३ | सिम | ५ | ५ |
| ४ | चाहार | ५ | ५ |

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुसुची -४**

**लेकम गाँउपालिकाले लगाउने बार्षिक व्यवसायकर**

(नियम ५ सँग सम्बन्धित)

| सि.नं. | व्यवसायको प्रकार | आ.व . २०८०।०८१ का वास्तविक करको दर | नवीकरण दस्तुर |
|---|---|---|---|
| १ | **व्यापारीक वस्तु** | | |
| | चुरोट बिक्री गर्नेथोक विक्रेता | १५०० | ५०० |
| | चुरोट बिक्री गर्नेखुद्रा विक्रेता | १००० | ५०० |
| २ | **भिडियोरेकडर्स प्लेर आदिको थोक तथा खुद्रा व्यवसाय** | | |
| | सम्पुर्णईलेक्ट्रोनिक पसल | १००० | ५०० |
| | साउन्डसिस्टम भाँडामा दिने व्यवसायिहरु | १००० | ५०० |
| ३ | **निर्माण व्यवसायी** | | |
| | हार्डवेयरनिर्माण सामाग्री तथारंगरोगन सामाग्रीसहित | २००० | १००० |
| | हार्डवेयर निर्माणसामाग्री मात्र | १००० | ५०० |
| ४ | **कम्प्युटर र अन्यईलेक्ट्रोनिक्स सामान** | | |
| | कम्युटरर सोका पार्ट बिक्री गर्ने, साउण्ड सिस्टम, प्रशिक्षण तथा साईवर संचालन गर्ने | १५०० | ५०० |
| | मोबाईल ग्यालरी, मोबाइल सेट बिक्री तथा मर्मत | १००० | ५०० |
| | मोबाईल मर्मत मात्र | ५०० | २५० |
| | फ्रिज ,कुलर, राईसकुकर ,रेडियो, घडी, हिटर ,विद्युत सामग्री बिक्री पसल | १००० | ५०० |
| ५ | **पेट्रोलियम पदार्थकाथोक तथा खुद्रा व्यापार** | | |
| | पेट्रोल पम्प | ५००० | ३००० |
| | ड्रममा पेट्रोलियमपदार्थ बिक्रेता बाट तेल बेच्ने | १००० | ५०० |
| ६ | **दैनिकउपभोगका खाद्य पदार्थ , कपडा आदिका थोक तथा खुद्रा व्यापार** | | |
| | किराना पसल मात्र | ५०० | २५० |

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | किरानासहित अन्य पेय पदार्थ भएको खुद्रा पसल | ८०० | २५० |
| | खाद्यान्न बिक्री पसल | ८०० | २५० |
| | एकै पसल भित्र एकभन्दाबढी व्यवसाय गर्ने | १५०० | ५०० |
| | खाना पसल | १००० | ५०० |
| ७ | **सवारी साधन मर्मत तथासम्भार गर्ने** | | |
| | मोटरसाइकलमर्मतका साथै सोका पार्टस बिक्री गर्ने पसल | १५०० | ५०० |
| | गाडीका टायर मर्मत तथाहावा भर्ने | ५०० | ५०० |
| | मोटरसाईकल बिक्रेता | २००० | ५०० |
| ८ | **विशेषज्ञ परामर्श तथाअन्य व्यवसायिक सेवा** | | |
| | चिकित्सक | १००० | ५०० |
| | कविराज वैद्य | ५०० | २५० |
| | कानुन व्यवसायि | ५०० | २५० |
| | लेखापरीक्षक घ वर्ग | ५०० | २५० |
| | दन्त चिकित्सक | ५०० | २५० |
| | अनुसन्धान कर्ता रपरामर्शदाता( डिजाईनर) | ७०० | ३०० |
| | कम्प्युटर एनालिष्ट रप्रोगाम | ५०० | २५० |
| | बिमा एजेन्ट | ३०० | १५० |
| | सर्भेयर | ५०० | २५० |
| | अनुवादक | ५०० | २५० |
| | पशु चिकित्सक | १००० | ५०० |
| | सामान ढुवानीकर्ता तथा कम्पनि स्थानिय | ५०० | २५० |
| | संस्थागत पेन्टरस्थानिय | ३०० | १५० |
| | लेखापढी व्यवसाय | ३०० | १५० |
| ९ | **निर्माण व्यवसायी** | | |
| | क श्रेणीका निर्माणव्यवसायी | २०००० | ८००० |
| | ख श्रेणीका निर्माणव्यवसायी | १८००० | ६००० |
| | ग श्रेणीका निर्माणव्यवसायी | १५००० | ५००० |
| | घ श्रेणीका निर्माणव्यवसायी | १२००० | ४००० |
| १० | **उत्पादनमुलक उद्योग** | | |
| | चिउरा उद्योग | ५०० | १५० |

| | | | |
|---|---|---|---|
| | सिमेन्ट उद्योग | १५००० | ५००० |
| | गलैचा उद्योग | १५०० | ५०० |
| | ग्रिल ,सटर, ट्रसबनाउने आदि | १५०० | ५०० |
| | पशुपंक्षिको आहाराउत्पादन गर्ने | १००० | ५०० |
| ११ | **उर्जामुलक उद्योग** | | |
| | सोलार पावर बिक्री पसल | १५०० | ५०० |
| १२ | **कृषि तथा वन जन्यउद्योग** | | |
| | काठ चिरान सम्बन्धिकाम गर्ने साना मिल | १००० | ५०० |
| | काठ चिरान उद्योग | २५००० | १०००० |
| | चिरान मेसीन राखीफर्निचर उत्पादन गर्ने पसल | १५०० | ५०० |
| | फर्निचर सोरुम | १५०० | ५०० |
| | धान कुट्ने ,गँहुपिस्ने, तोरी पेल्ने उद्योग (मिल) | १००० | ५०० |
| १३ | **खनिज उद्योग** | | |
| | पत्थर उत्खनन उद्योग | ३००० | १००० |
| | | | |
| १४ | **पर्यटकआवास, होटेल रेष्टुरा, रिसोर्ट, ट्राभल्स एजेन्सी** | | |
| | हल सहित व्यवस्थितगेष्ट हाउस | १५०० | ५०० |
| | साधारण होटेल | १००० | ५०० |
| | चिया नास्ता पसल | ६०० | १५० |
| १५ | **मिठाईतथा भोजनालय** | | |
| | मिठाईकासाथै भोजनका उच्च स्तरीय व्यवस्था भएका | १५०० | २५० |
| | मिष्ठान भण्डार पसल | १००० | ५०० |
| | डेरी पसल | ५०० | २५० |
| १६ | **छपाई तथा प्रकाशन** | | |
| | छापाखाना तथा स्टेशनरी | १००० | ५०० |
| १७ | **विभिन्नकिसिमका तालिम गोष्ठी सेमिनार तथा विवाहको लागि हल व्यवस्था गर्ने** | | |
| | टेन्ट तथा साउन्डसिस्टम भाँडामा दिने पसल | १५०० | ५०० |
| १८ | **संचार सेवा** | | |
| | फ्याक्स फोटोकपीसेन्टर तथा फोटो खिच्ने | ५०० | २५० |

| | | | |
|---|---|---|---|
| | ईमेलईन्टरनेट सहित साईवर क्याफेको व्यवस्था भएको | १००० | २५० |
| | कुरीयर सेवा | २०० | १०० |
| | एफ.एम. रेडीयोस्टेसनमा वार्षिक | १००० | ५०० |
| १९ | **वित्तिय सेवा** | | |
| | नेपालसरकारका पुर्ण स्वामित्वमा रहेको बाहेक क वर्गका वाणिज्य बैकंहरु | १५००० | ८००० |
| | वित्तिय कम्पनिकाकार्यालय ख वर्ग | १०००० | ५००० |
| | वित्तिय कम्पनिकाकार्यालय ग वर्ग | ८००० | ४००० |
| | वित्तिय कम्पनिकाकार्यालय घ वर्ग | ७००० | ३००० |
| | ख वर्गका विकास बैकं | ६००० | २००० |
| | ग वर्गका विकास बैकं | ५००० | १५०० |
| | घ वर्गका विकास बैकं | ५००० | १५०० |
| | मनि ट्रान्सफरका शाखाकार्यालय | १५०० | ५०० |
| | बिमा कम्पनी | ४००० | १००० |
| | सहकारी संस्था | २००० | १००० |
| २० | **स्वास्थ्य सेवा** | | |
| | गैर सरकारी अस्पताल(सम्पुर्ण सेवा प्रदान गर्ने) | ३५०० | १००० |
| | क्लिनिक तथा ल्याब | ५०० | २५० |
| | क्लिनिक | ५०० | २५० |
| | अल्ट्रासाउन्ड एक्सरे | १००० | ५०० |
| | सादा एक्सरे | २०० | १०० |
| २१ | **शिक्षा सेवा** | | |
| क. | निजि क्षेत्रका स्कुलक्याम्पस विश्वविद्यालय | | |
| | प्रा.वि. स्तरकाविद्यालय | ५०० | २५० |
| | नि.मा.वि. स्तरकाविद्यालय | ६०० | २५० |
| | मा.वि. स्तरकाविद्यालय | ८०० | २५० |
| | उच्च मा.वि. | १००० | ५०० |
| २२ | **तालिम तथा अनुसन्धानकेन्द्र** | | |
| | कम्प्युटर प्रशिक्षणकेन्द्र | ५०० | २५० |
| | **अन्य सेवा** | | |
| | ब्युटिपार्लर | ५०० | २५० |

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | श्रीङ्गार पसल | ५०० | २५० |
| | सैलुन | ५०० | २५० |
| २३ | **फोटो स्टुडीयो** | | |
| | कलरल्याव | ५०० | २५० |
| | फोटो भिडीयो मिक्सीङगर्ने, सि.डि.तयार गर्न | ५०० | २५० |
| २४ | **सुचीकार कपडा सिलाईगर्ने** | | |
| | कपडा सोरुम सहितकोटेलरिङ्ग पसल | ५०० | २५० |
| | टेलरिङग पसल | ५०० | २५० |
| | आर्ट सेन्टर साधारण | ५०० | २५० |
| २५ | **मासु बिक्रेता** | | |
| | कुखुराको मासु पसल | ५०० | २५० |
| | माछा पसल | ५०० | २५० |
| | खसी बोकाको मासु तथाअन्य पसल | ८०० | २५० |
| २६ | **खोका। डेबरी पसल** | | |
| | भाँडाकुडाँ बिक्रेतापसल | ५०० | २५० |
| | खेलौना उपहार तथागिफ्ट बिक्रेता | ४०० | २०० |
| | एग्रोभेट सेन्टर | ५०० | २५० |
| | ग्यास बिक्रेता | १५०० | ५०० |
| | मोबाईल टावर शुल्कप्रति टावर | २००० | १००० |
| २७ | **विभिन्न उद्योग** | | |
| | लघु उद्योग (मसला, नमकीन, पाउरोटी आदी ) | ६०० | २५० |
| | डेरी फर्म मिठाई समेतभएकोमा | ५०० | २५० |
| | डेरी फर्म मात्र भएको | ५०० | २५० |
| | सिलाई कटाँई तालिमकेन्द्र | ५०० | २५० |
| | जुत्ता, चप्पल पसल | ५०० | २५० |
| २८ | **तरकारी फलफुल खुद्रापसल** | | |
| | तरकारी फलफुल खुद्रापसल | २०० | १०० |
| २९ | **औषधि पसल** | | |
| | औषधि पसल तथा मेडिकलहल | ५०० | २५० |
| | चस्मा बिक्रि पसल | ५०० | २५० |
| ३० | **पशु तथा कृषि व्यवसायगर्न** | | |
| | कृषि तथा पशुपालनव्यवसाय व्यक्तिगत | १००० | ५०० |

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | कृषि तथा पशुपालनव्यवसाय सहकारी | १५०० | ५०० |
| ३१ | अन्य व्यवसाय | १००० | |
| ३२ | सर्जमिन दस्तुर | ५०० | |

**अनुसुची -५**

**लेकम गाँउपालिकाले लगाउने जडीबुटी कवाडी र जीवजन्तु कर**

(नियम ६ सँग सम्बन्धित)

| सि.नं. | करको प्रकार | आ.व.२०८०।०८१ को वास्ताविक दररेट | कैफियत |
|---|---|---|---|
| १ | खोटो संकलन | १ | प्रति किलो |
| २ | जडिबुटीसंकलन(टिमुर, बोक्रा, सिल्पु, पखानवेद, काउलो, चिराइतो वा अन्य सबै) | ७०० | प्रति क्विन्टल |
| ३ | कबाडी समान | ५०० | प्रति क्विन्टल |

**अनुसुची -६**

**लेकम गाउँपालिकाले लगाउने सवारी साधन कर**

(नियम ७ सँग सम्बन्धित)

| सि.नं. | सवारी साधनको प्रकार | आ.व.२०८०।०७१ को वास्तविक दररेट | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल दर्ता | १२०० | |
| २ | अन्य सवारी साधन दर्ता | २००० | |
| ३ | दर्तानभएको अन्य सवारी साधनमा पट्के कर | ५० | |
| | | | |

**अनुसूची ७**

**<u>लेकम गाउँपालिकाले लगाउने विज्ञापन कर</u>**

(नियम ८ सँग सम्बन्धित)

१. आ.व. २०८०/०८१ सम्म प्रतिवर्ग फिट रु ५०
२. अन्य बस्तुको विज्ञापनमा प्रतिवर्ग फिट रु ९०
३. सार्वजनिक स्थानमा व्यानर टासेममा प्रति मिटर ७ दिन सम्म रु १४ सो भन्दा वढी राख्न परेमा प्रतिदिन रु ५
४. १ मिटर र १ वर्गमिटर फिट सम्मको विज्ञापन १ महिना सम्मको प्रतिदिन रु २ र सो भन्दा वढी राख्न परेमा प्रति दिन रु ३
५. आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान बोर्ड व्यावसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडीको भागमा राख्न पाउने छनर १ भन्दा धेरै बोर्ड राख्न परेमा माथिको दररेटमा सम्वन्धित व्यवसायीले विज्ञापन कर बाफत बुझाउनु पर्ने छ।

**अनुसुची -८**

**लेकम गाउँपालिकाले लगाउने मनोरञ्जनकर**

(नियम ९ सँग सम्बन्धित)

| सि.नं. | मनोरञ्जनको प्रकार | आ.व.२०८०।०८२ को वास्तविक करको दर | कैफियत |
|---|---|---|---|

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १ | जादु, सर्कस, चटक लगायत सबै आदिमा प्रति दिन रु. | ४०० | |

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुसुची -९**
**लेकम गाँउपालिकाले लगाउने बहाल विटौरीशुल्क**
(नियम १० सँग सम्बन्धित)

| सि.नं. | बहाल विटौरीको प्रकार | चालुआ.व.२०७९।०८० को करको दर | आ.व.२०८०।०८१ को वास्तविक करको दर | कैफियत |
|---|---|---|---|---|
| १ | मेलाजात्रा पर्वमा सार्वजनिक स्थलमा पसल राख्ने | ० | दैनिक २०० का दरले | |
| | हाटबजार वा पसलनिर्माण | ० | मासिक १०० का दरले | |
| | | | | |

**अनुसुची -१२**
**लेकम गाँउपालिकाले लगाउने सेवा शुल्क दस्तुर**
(नियम १३ सँग सम्बन्धित)

| सि.नं. | सेवाकोप्रकार | आगामीआ.व.२०८०।०८१ को वास्तविक करको दर | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता३५ दिन पछि | २०० | ३५ दिन भित्र नि:शुल्क |
| २ | व्यक्तिगत घटनाप्रतिलिपि | ५०० | |
| ३ | अग्रेजीमा गरिने सबै सिफारिस | ५०० | |
| ४ | नागरिकता सिफारिस | १०० | |
| ५ | नागरिकता प्रतिलिपिसिफारिस | २०० | |
| ६ | मुचुल्का सहितको नागरिकता | ५०० | |
| ७ | अंगिकृत नागरिकता | ५०० | |
| ८ | नाता प्रमाणित स्वदेश प्रयोजन | २०० | |
| ९ | नाता प्रमाणित विदेश प्रयोजन | ५०० | |
| १० | नाता कायम सिफारिस | १०० | |
| ११ | पारिवारीक विवरण सिफारीस | १०० | |
| १२ | बसोबास प्रमाणितसिफारीस | २०० | |

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १३ | जन्म मिति प्रमाणित सिफारीस | १५० | |
| १४ | बैवाहिक सम्बन्ध प्रमाणित सिफारीस | १५० | |
| १५ | अविवाहित प्रमाणितसिफारीस | १५० | |
| १६ | नाबालक प्रमाणितसिफारीस | २०० | |
| १७ | व्यक्तिगत प्रमाणित सिफारीस | १५० | |
| १८ | सम्बन्ध विच्छेद प्रमाणित सिफारीस | १००० | |
| १९ | खानेपानी टेलिफोन जडान नामसारी ठाउँ सारी | ३०० | |
| २० | विद्युतमिटर जडान सिफारीस घरायसी प्रयोजन | ३०० | |
| २१ | विद्युतमिटर जडान सिफारीस अन्य प्रयोजन | १००० | |
| २२ | विभिन्नसंघ संस्था क्लब ईन्टीच्युट आदि दर्ता सिफारीस | १००० | |
| २३ | चौपाया निकासी दस्तुर प्रति गोटा सिफारिस | ५०० | |
| २४ | सस्था नविकरण प्रति लाख | १०० | |
| २५ | नाम थर जन्म मिति संशोधन सिफारीस | १०० | |
| २६ | पेन्सन सिफारीस | ३०० | |
| २७ | निजी बैंक स्थापना अनुमती सिफारीस | ५००० | |
| २८ | पट्के सिफारीस | ७५ | |
| २९ | उजुरी निवेदन दस्तुर | ० | |
| ३० | मिला पत्र दस्तुर | ५०० | |
| ३१ | टावर स्वीकृती सिफारीस | २००० | |
| ३२ | नागरिकता बाहेकको मुचुल्का सिफारीस | ५०० | |
| ३३ | वन जन्य वस्तुको सिफारीस | २०० | |
| ३४ | रुख कटान सिफारीस | १०० | |
| ३५ | व्यवसाय बन्द तथा नाम परिवर्तन सिफारीस | १००० | |
| ३६ | चार किल्ला प्रमाणित | १०० | |
| ३७ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्रा | १०० | |
| ३८ | ट्रेस नक्सा निर्माण | १०० | |
| ३९ | **जग्गानामसारी किनबेच तथा मालपोत सम्बन्धी अन्य सिफारीस** | | |
| ४० | राजिनामा बकस पत्र सिफारीस | २०० | |

| | | | |
|---|---|---|---|
| ४१ | अंशबण्डा सिफारीस | २५० | |
| ४२ | नाम सच्याई सर्जमिन सिफारीस | ५०० | |
| ४३ | घर बाटो सिफारीस | १०० | |
| ४४ | जग्गा धनी पूर्जा प्रतिलिपि सिफारीस | २०० | |
| ४५ | जग्गादर्ता वा नामसारी सिफारीस ५ रोपनी सम्म | ५०० | थपप्रति रोपनी रु.२५ |
| ४६ | घर नक्सा नामसारी | ५०० | |
| ४७ | **घर जग्गा मुल्याङ्कन** | | |
| ४८ | एक लाख देखि दश लाखसम्म | ५०० | थपप्रति लाखमा रु.१०० का दरले |
| ४९ | नक्सा पास किताब | २०० | |
| ५० | बन्दुक नविकरण | १००० | जिल्ला बाहिर २००० |
| ५१ | आय श्रोत प्रमाणितप्रति लाख | १०० | |
| ५२ | **निजी विद्यालय अपग्रेड** | | |
| | मा.वि. | १५०० | |
| ५३ | **निजी विद्यालय सिफारीस** | | |
| | शिशु कक्षा संचालनदर्ता | | |
| | आ.वि. १-५ | ५०० | |
| | आ.वि. ६-८ | १००० | |
| | आ.वि. ९-१० | २००० | |
| | उ.मा.वि. स्तर | ३००० | |
| ५४ | **सामुदायिक विद्यालयसिफारीस** | | |
| | शिशु कक्षा संचालनदर्ता | १०० | |
| | प्रा.वि. स्तर | २०० | |
| | नि.मा.वि. स्तर | ३०० | |
| | मा.वि. स्तर | ४०० | |
| | उ.मा.वि.स्तर | ५०० | |
| ५५ | **व्यवसाय दर्ता शुल्क** | | |
| | व्यवसाय दर्ता सिफारिस | १०० | |

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ५६ | **योजना सिफारिस** | | |
| | रु. ५० हजार सम्म | १०० | |
| | रु. ५० हजार देखि १ लाख सम्म | २०० | |
| | रु. १ लाख देखि ५ लाख सम्म | ५०० | |
| | रु. ५ लाख देखि १० लाख सम्म | १००० | |
| | रु. १० लाख देखि १५ लाख सम्म | २००० | |
| | रु. १५ लाख देखि २० लाख सम्म | २५०० | |
| | रु. २० लाख देखि ३० लाख सम्म | ३५०० | |
| | रु. ३० लाख देखि ५० लाख सम्म | ५००० | |
| | रु. ५० लाख देखि १ करोड सम्म | १०००० | |
| | रु. १ करोड देखि माथि | १५००० | |
| ५७ | अन्य सिफारिस | १०० | |